"स्वस्थ, स्वच्छ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री"

# प्रेस काउन्सिल नेपाल

(..................................महाशाखा/शाखा)

सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं

प. सं. २०८०/८१
च. नं. ८१८

मिति: २०८०।११।२०

श्री सम्पादक
अन्तरङ्ग साप्ताहिक,
अन्तरङ्गन्यूज डटकम (www.antaranganews.com)
फोन: ९८५११३८५९३
इमेल : antaranganews@gmail.com

विषय: जवाफ पेस गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा तपाईंद्वारा सम्पादित अन्तरङ्गन्यूज डटकम र अन्तरङ्ग साप्ताहिक पत्रिकाबाट '...खुकुरीले छप्काउने, २-४ जनालाई छप्काएर जेल बस्न जाती र नाङ्गो खुकुरी बोकेर रिस उठेको मान्छेलाई छप्काउँदै हिँडे अन्यथा भन्न नमिल्ने...' भनि सम्प्रेषित सामग्रीका विषयमा बेदराज खनियाबाट मिति २०८०।११।१७ गते उजुरी दर्ता भएको छ । जसमा- 'शान्तिपुर्णरुपमा बाँच्न पाउने अधिकारसमेत कुण्ठित गरेकाले निज पत्रकार र सञ्चार माध्यमलाई हदैसम्मको कानुनी कारबाही गरि पाऊँ' भनिएको छ ।

सम्प्रेषित सामग्रीको अनुगमन गर्दा -'... बरु २/४ जनालाई छप्काएर जेल बस्न जाति भन्ने स्थितिमा पुगेको स्रोतको भनाई छ । ठाडोभाका लोककला प्रतिष्ठान नेपालको नाम प्रतिवेदनमा नदेखिनु आदि इत्यादि कारणले त्यो प्रतिवेदनको निष्पक्षताको धोती खुस्केको आम बुझाई छ । बरु २/४ जनालाई काटेर जेलमा बसिन्छ, त्यसो गर्दा सन्तोष त हुन्छ नि...।' भनी सम्प्रेषण भएको पाइयो ।

"पत्रकार तथा सञ्चारमाध्यमले सत्य, तथ्य र सन्तुलित समाचार सामग्रीको सम्प्रेषण गर्नुपर्ने, हिंसा, आतङ्क, अश्लीलता र अपराधलाई प्रश्रय दिन नहुने, व्यक्तिगत स्वार्थपूर्ति गर्ने र कसैलाई अनुचित लाभ वा हानी पुग्ने नियत राखी पत्रकारिताको पेसागत मर्यादा प्रतिकूल कार्य गर्न नहुने, सामग्रीको सत्यतामाथि प्रश्न उठ्नासाथ अनुसन्धान गर्ने, गल्ती एवं त्रुटि भएको जानकारी हुनासाथ यथाशीघ्र सच्चाउनुपर्ने" पत्रकार आचारसंहिताको व्यवस्थाबारे यहाँलाई अवगत नै छ ।

अत: सम्बन्धित सामग्रीको सम्बन्धमा के/कसो भएको हो ? ७ दिनभित्र जवाफ पेस गर्न निर्देशानुसार सूचित गरिन्छ ।

२०८०।११।२०

महेन्द्रराज सिंह
(अधिकृत छैठौं)
प्रमुख, आचारसंहिता अनुगमन शाखा

**बोधार्थ:**
श्री बेदराज खनिया
इमेल: khaniyakanchho7@gmail.com